नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

मितिः २०८१/०४/१८

## अनुशासन सम्बन्धी उजुरी उपर सजाय गरिएको बारे ।

पेशागत प्रमाणपत्र प्राप्त संस्थाका "क" वर्गका एक सदस्य, "ख" वर्गका एक सदस्य, "ग" वर्गका एक सदस्य, र "घ" वर्गका एक सदस्य गरी चार जना लेखापरीक्षकले हस्ताक्षर गरेको विभिन्न निकायका लेखापरीक्षण तथा प्रमाणिकरण प्रतिवेदनहरुमा लेखापरीक्षकहरुले अनिवार्य रुपमा संस्थाको UDIN Portal बाट UDIN Generate गरी सो UDIN नम्बर उल्लेख गर्नुपर्नेमा त्यस्तो गरेको नपाईएको भनी संस्थामा निवदेन तथा इमेल मार्फत जानकारी प्राप्त भएकोमा UDIN उल्लेख नभएको कारणबाट सम्बन्धित पक्षलाई हानी नोक्सानी समेत हुन सक्ने र लेखाव्यवसायको गरिमामा समेत असर पर्न सक्ने हुँदा निजहरुलाई नियमानुसार आवश्यक कारवाही गर्नुपर्ने देखिएको भनी कार्यकारी निर्देशकको प्रस्तावमा निजहरु विरुद्ध उजुरी दर्ता भएको ।

कुनै व्यक्तिले विदेश जाने प्रयोजनार्थ एक आधिकारिक निकायमा पेश गरेको एक प्रा.लि.को लेखापरीक्षण प्रतिवेदनमा "घ" वर्गका नीज सदस्यले UDIN सम्बन्धी विवरण उल्लेख नगरेको, त्यसैगरी एक व्यवसायिक फर्मको लेखापरीक्षण प्रतिवेदनमा "ख" वर्गका नीज सदस्यले UDIN सम्बन्धी विवरण उल्लेख नगरेको, एक प्रा.लि. को लेखापरीक्षण प्रतिवेदनमा "ग" वर्गका नीज सदस्यले UDIN सम्बन्धी विवरण उल्लेख नगरेको, सो विषयमा निजलाई संस्थाले पत्राचार गरेपछी सो मितिको भोलीपल्ट UDIN Generate गरेको, विशेष प्रायोजनार्थ आधिकारिक निकायमा पेश गर्नको लागि तयार गरिएका तीन जना व्यक्तिको Valuation of Immovable Assets, Movable Assets / Annual Income को प्रमाणिकरणमा एक चार्टर्ड एकाउन्टेन्ट सदस्यले UDIN सम्बन्धी विवरण उल्लेख नगरेको विषयमा छानविन गर्दा निज सदस्यहरुले संस्थाको निर्देशन विपरीत UDIN generate नगरी प्रमाणिकरणको प्रतिवेदन जारी गरेको देखियो र सो हुनुको कारणमा निज सदस्यहरुले पेश गरेको जवाफ तर्कसंगत देखिएन ।

निजहरुले गरेको यस प्रकारको कमजोरीले सेवाग्राहीलाई उल्लेख्य हानी नोक्सानी हुन सक्ने देखिएको र यस कार्यले संस्था र संस्थाका सदस्यहरुको अन्तराष्ट्रिय छवि तथा लेखाव्यवसायको गरिमामा समेत असर पर्ने देखिएकोले निजहरुले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(१), ३४(९), ३४(१५) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ६४(ख), ६४(ङ), परिषदको २३६ औं बैठकले गरेको निर्णय बमोजिम UDIN सम्बन्धीको निर्देशन तथा संस्थाले जारी गरेको आचारसंहिता बमोजिम लेखाव्यावसायीका आधारभुत सिद्धान्त बमोजिम कार्य नगरेको पाईएकोले निज सदस्यहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा १४(५)(ग) बमोजिम **६ महिनाको लागि लेखाव्यावसाय गर्न नपाउने गरी रोक लगाउने** सजाय दिने निर्णय परिषदको मिति २०८१ असार २९ गते बसेको ३३० औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४ (२) (ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोटः*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np